सूचना ७३

## स्थानीय विकास शुल्क कोष (दोस्रो संशोधन) नियमावली, २०७०

स्थानीय विकास शुल्क कोष नियमावली, २०५६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "स्थानीय विकास शुल्क कोष (दोस्रो संशोधन) नियमावली, २०७०" रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **स्थानीय विकास शुल्क कोष नियमावली, २०५६ को नियम ४ मा संशोधन** : स्थानीय विकास शुल्क कोष नियमावली, २०५६ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ४ को उपनियम (१) मा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएकोछ ।

३. **मूल नियमावलीको नियम ८क. मा संशोधन** : मूल नियमावलीको नियम ८क. मा रहेका "स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६" भन्ने शव्दहरुको सट्टा "स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४" भन्ने शब्दहरु राखिएका छन् ।

सूचना ७४

## जग्गा (नाप जाँच) (पहिलो संशोधन) नियमावली, २०७०

जग्गा (नाप जाूच) नियमावली, २०५८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

जग्गा (नाप जाँच) ऐन, २०१९ को दफा १४ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएकोछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।